# उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## उर्लाबारी, मोरङ

## सटर कोठा भाडामा लगाउनको लागी शिलबन्दि निबेदन आब्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मिति-२०७५/०८/१२ (निगरानी राष्ट्रिय दैनिकमा समेत प्रकासित)

यस उर्लाबारी नगरपालिका अर्न्तगतको मंगलबारे अस्पताल, उर्लाबारी-३ को दक्षिण पट्टी आफ्नो हाता भित्र (इलाका प्रशासन कार्यालय भन्दा पश्चिम पट्टि भएका ८ वटा) रहेका अन्यन्तै व्यस्त रहने निम्न साईजका सटर कोठाहरु स्थानीय स्तरको खुला शिलबन्दी निवेदनको प्रकृयाबाट निम्न बमोजिमको दररेटमा भाडामा लगाउनु पर्ने भएको हुदा लिन चाहने इच्छुक व्यक्ति /सप्लायर्स/फर्महरुलाई देहायका शर्तहरुको अधिनमा रही रु. १०।-को टिकट टाँसी सिलबन्दी निबेदन पेश गर्नु हुन आव्हान गरिन्छ ।

**शर्तहरुः-**

(१) शिलबन्दि निबेदन पेश गर्दा यो सुचना निगरानी डटकम पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७५/०८/२६ गते कार्यालय समय सम्म शिलबन्दि खाममा यस नगर कार्यपालिकाको कार्यालयलाई सम्बोधन गरि कामको बिवरण, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई रु १० को टिकट टाँस गरि कार्यालयमा दर्ता गराउन पर्नेछ ।

(२) शिलबन्दि निबेदन पेश गर्दा आधिकारिक निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनु पर्नेछ ।

(३)इच्छुक व्यक्ति /सप्लायर्स/फर्महरुले शिलबन्दि निबेदन पेश गर्दा निबेदनको साथमा आफुले कार्यालयलाई उपलब्ध गराउन सकिने भाडा रकम स्पष्ट रुपमा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

(४) रितपुर्वक पेश भएका शिलबन्दि निबेदनहरु यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनअर्थात मिति २०७५/०८/२७ गते दिनको २:०० बजे निबेदक वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । निबेदक वा निजको प्रतिनिधि उपस्थित नभए पनि दर्ता हुन आएकाशिलबन्दि निबेदनहरु खोल्न बाधा पर्ने छैन ।

(५) शिलबन्दि निबेदन दर्ता गर्ने वा खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

(६) रित नपुगेको र म्याद नाघि आएको शिलबन्दि निबेदन उपर कुनै कार्यबाही गरिने छैन ।

(७) सटर कोठाको सम्झौता गर्न आउदा ३ महिना बराबरको भाडा रकम धरौटी राख्नु पर्नेछ ।

(८) सटर भाडा वापतको रकम मासिक रुपमा अर्को महिनाको ७ गते भित्र बुझाउनु पर्नेछ ।

(९) मासिक भाडा अंकमा प्रत्येक २/२ वर्षमा १०% का दरले भाडा वृद्धि गरी नविकरण गर्न सकिनेछ ।

(१०) प्रयोग गरिएको सटर कोठामा प्रयोग भएको पानी तथा बिजुली बत्ती लगायत अन्य महशुल वापतको रकम सटर कोठा प्रयोगकर्ताबाट व्यहोर्नु पर्नेछ ।

(११) रितपुर्बक पेश भएका शिलबन्दि निबेदन पुरै वा आशिंक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

(१२) यसमा उल्लेख हुन छुट भएका अन्य आवस्यक कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ ।

**कामको बिवरण -**

| सि.न. | कोठा न. | कोठाको साईज | भाडा दर (बहाल कर सहित) | भाडामा लगाउने माध्यम | निबेदन साथ राख्नु पर्ने धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ०१ | १०-०" ×१३-६" | रु ११०००।०० | शिलबन्दि बढाबढबाट | कबोल अंकको १ (एक) महिनाको भाडा बराबरको रकम |
| २ | ०२ | (१३-६" ×१०.०"), (१५-९"×१२-४") | रु १४०००।०० | शिलबन्दि बढाबढबाट | |
| ३ | ०३ | १०-०" ×१३-६" | रु ११०००।०० | शिलबन्दि बढाबढबाट | |
| ४ | ०४ | (१३-६" ×१०.०"), (१५-९"×१२-४") | रु १४०००।०० | शिलबन्दि बढाबढबाट | |
| ५ | ०५ | १२-६" × ९-६" | रु ११०००।०० | शिलबन्दि बढाबढबाट | |
| ६ | ०६ | १२-६" × ९-६" | रु ५५००।०० | शिलबन्दि बढाबढबाट | |
| ७ | ०७ | १०-६" ×१३-२" | रु ७०००।०० | शिलबन्दि बढाबढबाट | |
| ८ | ०८ | १०'-६" ×१३'-२" | रु ६०००।०० | शिलबन्दि बढाबढबाट | |